नागरिक लगानी कोष

कोषको वित्तीय अवस्था (अपरिष्कृत)

२०८१ पौष मसान्तसम्म

कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

विवरण	२०८१।८२ पौष मसान्त	२०८०।८१ पौष मसान्त
शेयर पुँजी	६,४८१,७१२	५,३१३,७५०
खुद कोष मौज्दात	२७३,७२०,७५१	२४०,५११,३३२
क.ब.वृ. अवकाश कोष	१७९,१३०,९३५	१५६,८९३,५४२
नागरिक एकाङ्क योजना	१,९८१,६६८	१,४९२,७०३
उपदान कोष योजना	५०,६५१,३३०	३६,८५५,९३५
लगानीकर्ता हिसाब	१०,४९४,४४५	९,४८३,८०२
राष्ट्र सेवक कर्मचारीको बीमा कोष	८,७८६,०५८	८,९५०,८७९
नार्क बीमा कोष	१५४,१२२	१४४,०४५
नागरिक पेन्सन योजना	२९९,१०४	२०४,९४८
बीमाकोष दायित्व	२,८७५,९८३	२,०६९,९८६
जगेडा कोष	२८,७०८,०५९	२४,४१५,४९३
केन्द्रीय हिसाब	२,७९८,७८१	२,३९२,९१५
अन्य कोष र योजना	१६,५४८,३२५	१६,९७१,११८
उचित मूल्य कोष	९,०२८,८९३	४,७१९,४००
पुनः मूल्याङ्कन कोष	३३२,०६०	३३२,०६०
चालू दायित्व तथा व्यवस्था	६,२५३,३०९	१२,०२४,७८०
जम्मा :	२८६,४५५,७७२	२५७,८४९,८६३

कोषको उपयोग (Applications of Fund)

रु. हजारमा

विवरण	२०८१।८२ पौष मसान्त	२०८०।८१ पौष मसान्त
खुद स्थिर सम्पत्ति	२,३०२,८७४	२,३३२,८५६
लगानी	२६४,७७७,५३८	२३५,०५०,८२१
नेपाल सरकारको ऋणपत्र	५००,०००	५००,०००
मुद्दती निक्षेप	१३८,१५५,९४९	१२४,९७८,०९३
समयकालीन कर्जा	२५,८०१,६८६	२४,८९९,०४६
सहायक कम्पनीमा लगानी	२,७२४,६७५	२,५५०,०००
सहभागी सापटी तथा आवास कर्जा	५४,९४७,०२१	५१,१७८,६५९
ट्रेजरी बिल	११,७५०,३१७	-
सङ्गठित संस्थाको शेयर/धितोपत्र	३०,८९७,८९०	३०,९४५,०२३
शेयर तथा धितोपत्रको उचित मूल्य समायोजन	९,०२८,८९३	४,७१९,४००
बैंक मौज्दात	३,०२८,७४३	२,०१४,७७०
चालू सम्पत्ति	७,३१७,७२२	१३,७३२,०१५
जम्मा :	२८६,४५५,७७२	२५७,८४९,८६३

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

नागरिक लगानी कोष

केन्द्रीय हिसाब

२०८१ श्रावण १ देखि २०८१ पौष मसान्त सम्मको

अपरिष्कृत आय/व्यय हिसाब

रु. हजारमा

विवरण	२०८१।८२ पौष मसान्त	२०८०।८१ पौष मसान्त
ब्याज आम्दानी	१९३,३७१	२२९,५५०
सेवा शुल्क तथा कमिसन आम्दानी	८१०,१९६	६८४,८१७
विविध आम्दानी	३५,९६८	१०,२१९
कुल आम्दानी	१,०३९,५३५	९२४,५८६
व्यवस्थापन खर्च	१३८,३१७	१२७,३०६
खर्च व्यवस्था	७०,३३५	६९,२७७
कुल खर्च	२०८,६५२	१९६,५८३
कर अगाडिको खुद नाफा	८३०,८८३	७२८,००३
आय कर व्यवस्था	२०८,५९७	१८२,००१
खुद नाफा	६२२,२८६	५४६,००२

Particulars

Financial Ratios & Other Information:

Overall	As on Poush 2081	As on Poush 2080
Return on Investment (ROI)	6.65	9.10%
Fund to Investment ratio	96.73%	97.73%
Weighted average cost of fund	6.04%	7.80%
Central Account	-	-
Net Worth (Rs. in '000)	9,280,493	8,772,067
Net Worth (Value per share)	143.18	165.08
Earning Per Share (in Rs.) - Annualized	19.20	20.55

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्त्विक असर पर्ने अवस्था रहेको छैन ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेका विभिन्न अवकाश कोषमध्ये उपदान कोष र लगानीकर्ता हिसाब योजना अन्तर्गत विभिन्न सङ्गठित संस्थाले जम्मा गरेको उपदान कोष र लगानीकर्ता हिसाब रकमबाट सम्बन्धित संस्थाका कर्मचारीहरू अवकाश हुँदा कोषले उपदान र लगानीकर्ता बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवानिवृत्त कर्मचारीहरूको उपदान बापत ५ प्रतिशत मात्र करकट्टी गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई दायर गरिएको उक्त रिट निवेदनमा हाल उत्प्रेषण, परमादेश आदेश समेत जारी भई ठूला करदाताबाट बढी कट्टी गरिएको रकम प्राप्त भई सम्बन्धित वादीहरूलाई भुक्तानी भइरहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिइएको र सो हाल विचाराधीन अवस्थामा रहेको ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि. को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्या ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूल दिन	कारोबार शेयर सङ्ख्या
२,२९९।००	१,९८०।००	२,०००।००	५५	६,८३,५२१

५. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिष्पर्धा, सरकारको जमानत माग गरिएको लगानी असुलीमा समस्या, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो सफ्टवेयरलाई नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर "सुत्र" सँग एकीकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै शाखा व्यवस्था गरी कार्य गर्ने, सहभागीहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानीमा केन्द्रीत हुने रणनीति कोषले लिएको छ ।

६. **संस्थागत सुशासन**

कोषको शीर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उप-समिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धवार्षिक प्रतिवेदन समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।